# बाइबलिय शिक्षा बोकेका परमेश्वरका जोशिलो र लगनशील कार्यदल
# (Biblical Missionaries)

**लेखकः**

बोर्गे शान्टज

**(Borge Schantz)**

सहलेखकः

स्टिभन थोम्पसन

(**Co-contributor: Steven Thompso**)

भावानुवादक

भजुराम तखाछेँ श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

नेपाल सेक्सन

नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग
प्रथम संस्करण : २०७२ (ई.सं. २०१५)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह
प्रुफरिडिङ्गः सुमित्रा लामिछाने
प्रकाशक: पा. उमेश कुमार पोखरेल,
अध्यक्षः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com>
नेपाल सेक्सन पब्लिशिङ्ग निर्देशकः पास्टर कुमार अधिकारी
एल्डर राकेश लामिछानेः कोषाध्यक्ष, नेपाल सेक्सन
सम्पर्कः- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० bhajupurna@gmail.com
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको copyright @1997, 2006, 2009, 2011 पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका

## येशूको महान् आदेश

“अनि तिनीहरूकहाँ येशू आउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “पृथ्वी र स्वर्गका सारा अधिकार मलाई सुम्पिएको छ। त्यसकारण तिमीहरू सारा राष्ट्रहरूमा गएर मेरा भक्तहरू बनाऊ। परमेश्वर पिता, पवित्र आत्मा र पुत्रको नाउँमा बप्तिस्मा देऊ। मैले तिमीहरूलाई जे जे सिकाएँ त्यो तिनीहरूलाई सिकाऊ। एकदम अन्तिम क्षणसम्म म तिमीहरूको साथमा सधैं हुनेछु।“ (मत्ती २८:१८-२० रूपान्तरित)।

येशूले आफ्ना चेलाहरूलाई दिनुभएको स्पष्ट निर्देशन त्यो भन्दा उत्तम अर्को के होला र? तिनीहरूको बीचमा येशू उभिनुभएको छ-पुनरुत्थान हुनुभएको येशू, तिनीहरूले उपासना गरेका येशू (पद १७)। चर्चको सारा इतिहासमा आफ्ना जनहरूले बोक्नुपर्ने लक्ष्यको निम्ति येशूले आह्वान गरिरहनुभएको छ। तिनीहरूको अत्यन्त महत्त्वपूर्ण धर्म वा लक्ष्य भनेकै संसारको प्रत्येक राष्ट्रमा गएर येशूका चेला अर्थात् भक्तहरू बनाउनु हो। त्यसमा नै पूर्णबिराम लगाइएको छ।

गलिलीमा एघार जना चेलाहरूलाई दिएको निर्देशन र धेरै वर्षपछि पाटोमसको टापुमा बन्दी जीवन बिताइरहेका यूहन्नालाई दिएको सन्देशको बीचमा भएको सम्बन्ध एकै खालका थियो भनेर बुझ्न त्यति सान्हो छैनः “मैले अर्को स्वर्गदूत देखें। उनी आकाशमा उडिरहेका थिएर। प्रत्येक व्यक्तिलाई सधैं सत्य रहने सुसमाचार सुनाउन उनी आएका थिए। प्रत्येक राष्ट्र, कुल, भाषा र मानिसहरूलाई त्यो सन्देश सुनाएका थिए। चर्को स्वरमा उनले भने, “परमेश्वरप्रति श्रद्धा राख। उहाँलाई दिनुपर्ने महिमा, सम्मान र जस देऊ। परमेश्वरले न्याय गर्ने समय आइसकेको छ। स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमेश्वरको उपासना गर। समुद्र र पानीका मुहानहरू बनाउने परमेश्वरको आराधना गर।“ (प्रकाश १४:६,७ रूपान्तरित)। यहि सन्दर्भमा पद ८-१२ पढ्नुपनि उचित देखिन्छः “अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।” ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, “यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले

पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

येशूले दिनुभएको महान् आदेश जुन मत्ती २८:१९-२१मा लेखिएको छ त्यससँग तुलना गर्दा प्रकाश १४मा उल्लेखित तिन स्वर्गदूतहरूका सन्देशहरू पनि महान् आदेश भने पनि हुन्छ। संसारको इतिहासको अन्त्यमाहुने घट्नाहरूलाई हामीले बुझेकै आधारमा ती आदेशहरूको कार्यन्वन भइरहेको मानिलिनुपर्छ।

निसन्देहः सारा राष्ट्रहरूमा सुसमाचार सुनाउन र फैलाउन परमेश्वरले उहाँका जनहरूलाई र चर्चलाई आह्वान गर्नुभएको थियो। हामीले के गर्नुपर्छ सो गर्न पनि येशूले हामीलाई भन्नुभएको छ। यस संसारमा हामी येशूभक्त हौं भनेर दावी गर्छौं भने हामीहरूको लक्ष्य यो हुनुपर्दछ (१) येशूको बारेमा र उहाँले हामीलाई के गर्नुभयो सो सत्य आत्मज्ञान फैलाउने (यूहन्ना ३:१६), (२) बर्तमान समयमा येशूले के गरिरहनुभएको छ सो अरूलाई सुनाउने (रोमी ८:३४), र भविष्यमा उहाँले हामीलाई के गर्नुहुनेछ (१ थेस्सोलिनिकी ४:१६)।

मिशन (**mission**) अर्थात् लक्ष्यलाई बोकाएर कसैलाई पठाउनु भनेकै अरूको सेवा गर्न पठाइएको वा पठाएको हो भन्ने अर्थ लाउँछ। कोही मानिस कतै जान्छ केही काम गर्नको निम्ति। त्यसकारण येशूले महान् आदेशलाई बोकाएर उहाँका चेलाहरूलाई पठाउनुभएको अर्थ सारा संसारमा सुसमाचार फैलाउनु हो।

सुसमाचार नपाउनेहरूलाई थाहा दिन परमेश्वरले अपनाउनुभएको उपायको बारेमा यस अध्यायमा हामी अध्ययन गर्नेछौं। मिशन वा सुसमाचारको टोली उहाँले खडा गर्नुभएको बारेमा यस अध्याय केन्द्रित छ। मानिसहरूलाई पापबाट उद्धार गर्न परमेश्वरले चाल्नुभएको गुरू योजनामा सुसमाचार प्रचारक टोलीले प्रमुख अर्थात् आधारभूत भूमिका खेल्दछ। परमेश्वरको अनन्तको लक्ष्य बाइबलका पात्रहरूको जीवनबाट कसरी पूरा भएको थियो भनेर हामीले अध्ययन

गर्नेछौं। यस संसारको पापको भुमरीमा हराइरहेकाहरू लाई खोज्न परमेश्वरले पठाउनुभएको ती मानिसहरू मिशिनेरिज अर्थात् सुसमाचार वाहक टोली हुन्।
अन्तमा इसाई मिशन अर्थात् सुसमाचार फैलाउने येशूभक्तको टोली परमेश्वरको हो, हामीहरूको होइन। यो हामीहरूको इच्छाले होइन परमेश्वरको इच्छाले खडा भएको लक्ष्यप्रेरित कार्यदल वा टोली हो। यो परमेश्वरकै हृदयबाट सुरू भएको थियो। यो परमेश्वरको प्रेममा आधारित कार्यदल हो, र यो परमेश्वकै इच्छाबाट क्रियाशील हुन्छ।

यस संसारमा परमेश्वरको लक्ष्य पूरा गर्न खटिएका टोलीको काम बुझ्न यस अध्ययन पुस्तक तयार गरिएको हो। मुक्तिको इतिहासको नमुनामा आधारित यस पुस्तकमा देहायका पाठहरू आधारित छन्ः
परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो र उहाँले मानव जातिलाई आत्म निर्णयको अधिकार दिनुभयो। (परमेश्वरलाई विश्वास गर्ने वा नगर्ने, उहाँको कदममा चल्ने कि नचल्ने सो मानव अधिकारको निर्णयमा न त परमेश्वरले हस्तक्षेप गर्नुहुन्छ न त कुनै मानिसलाई गर्ने अधिकार दिइएको छ। अर्थात् असली धर्म स्वतन्त्रता बाइबलले व्याख्या गर्दछ-अनुवादकको टिप्पणी)।

२. परमेश्वरले सृष्टि गर्नुभएको प्रथम मानव आदम र स्त्री हव्वाले त्यो आत्मनिर्णयको अधिकारको दुरुपयोग गरी र तिनीहरू अदनको बगैंचामा परमेश्वरको सामु रहने अवसरमा चोट पुऱ्याए जसले गर्दा तिनीहरूलाई त्यस बगैंचाबाट निक्लन वाध्यता भयो।

३. तिनीहरूले स्वइच्छाले पाप गरि परमेश्वरसँग सम्बन्ध बिच्छेद गरेको हुनाले तिनीहरूलाई अदनको बगैंचामा फर्काउन आफ्नो बल परमेश्वरले प्रयोग गर्नु भएन।

४. पापले गर्दा तिनीहरू मृत्यु हुनुपर्नेमा तिनीहरुको ठाउँमा मर्न परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउने निर्णय गर्नुभयो ताकि मानव र फेरि परमेश्वरबिच सुमधुर सम्बन्ध स्थापना गरियोस् अर्थात् स्वर्गिय तालमा प्रत्येक नर र नारी दुबै पौडन सकुन् ।
५ मानव प्राणीप्रति प्रेमले ओतप्रोत भएर प्रदान गर्नुभएको मुक्तिको उपहार सबै मानिसहरूले थाहा पाउन् भन्ने परमेश्वरको चाहना छ। परमेश्वरको त्यस चाहना वा लक्ष्यले सबै मानिसलाई मुक्तिको ढोका खोलिदिएको छ।

परमेश्वरको प्रेम मानिसमा कति छ भन्ने शुःसन्देश सुनाउन गठन गरिएको कार्यदलको आधारभूत लक्ष्य भनेको सारा संसारमा येशूको बारेमा जानकारी दिनु

हो। हामी प्रत्येक मानव प्राणीलाई उहाँले के गर्नुभयो, उहाँले के गर्नुहुनेछ र के गरिरहनुभएको छ भन्ने उहाँको बाचाको बारेमा आत्मज्ञान त्यस जानकारीमा समावेश गरिएको छ। संक्षेसमा, यदि हामीले येशूलाई माया गर्छौं भने हामीले जानकारी पाएका ती प्रतिज्ञाहरूलाई हामीहरूमा लुकाइ नराखी अरूलाई पनि थाहा दिइयोस् भन्ने परमेश्वरको चाहना छ भनेर आत्मसात् गर्नु हामीहरूको कर्तव्य ठान्नुपर्छ।

*यस अध्ययन पुस्तिकाको लेखक बोर्गे शानटज, पिएच डी ( अमेरिकाको फुलर विश्वविद्यालय) लोमा लिन्डा विश्वविद्यालयको अध्यापक हुनुहुन्छ। उहाँ र उहाँकी श्रीमती आइरिसले अफ्रिका र मध्यपूर्वमा १४ वर्षसम्म मिशिनेरीहरू भएर कार्यरत हुनुभएको थियो। यस अध्ययन पुस्तिकालाई साथ दिने स्टिभन वेन थोम्पसन बिलायतको न्यु बोल्ड कलेजको प्रिन्सिपल हुनुहुन्थ्यो। उहाँ १९८४देखि १९९०सम्म कार्यरत भएर अवकाश लिनुभएको थियो। त्यसको साथै उहाँ अस्ट्रेलियाको आभोन्डेल कलेजमा अध्यापक र धर्मदर्शन विभागको प्रमुख भएर १९९१देखि २००८सम्म काम गर्नुभएको थियो। उहाँ डिसेम्बर २०१४मा प्रभुमा सुत्नु भएको थियो।*

# विषयसूची


| अध्याय | पृष्ठ |
| --- | --- |
| १. शुःसन्देश थाहा पाउन | १ |
| २. अब्राहम | १५ |
| ३. अपेक्षा नगरेको मिसिनेरी | ३४ |
| ४. योहानको कथा | ५३ |
| ५. प्रवासी | ७२ |
| ६. एस्थर र मोर्डेकाइ | ९१ |
| ७. येशू | ११४ |
| ८. सुसमाचार सुनाउने निकाय | १३३ |
| ९. पत्रुस र गैर यहूदी | १५० |
| १०. फिलिप | १७० |
| ११. पावलको वोलाहट | १८४ |
| १२. पावल | २०१ |
| १३. के सारा संसारले... | २१९ |

अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असौज ९ २०७२ (सेप्तेम्बर २६ २०१५)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १२□१८ (जुन २७-जुलाई ३) |
| २ | अध्याय २ | असार १९□२५ (जुलाई ४-१०) |
| ३ | अध्याय ३ | असार २६□श्रावण १ (जुलाई ११□१७) |
| ४ | अध्याय ४ | श्रावण २□८ (जुलाई १८□२४) |
| ५ | अध्याय ५ | श्रावण ९□१५ (जुलाई २५□३१) |
| ६ | अध्याय ६ | श्रावण १६□२२ (अगस्ट १□७) |
| ७ | अध्याय ७ | श्रावण २३□२९(अगस्ट ८□१४) |
| ८ | अध्याय ८ | श्रावण ३०□भाद्र ४(अगस्ट १५-२१) |
| ९ | अध्याय ९ | भाद्र ५□११(अगस्ट २२□२८) |
| १० | अध्याय १० | भाद्र १२□१८ (अगस्ट २९□सेप्तेम्बर ४) |
| ११ | अध्याय ११ | भाद्र १९□२५ (सेप्तेम्बर ५□११) |
| १२ | अध्याय १२ | भाद्र २६□असौज १(सेप्तेम्बर १२□१८) |
| १३ | अध्याय १३ | असौज २□८(सेप्तेम्बर १९□२५) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ असार १२-१८ (जुन २७-जुलाई ३) | | | | | | | |
| २ असार १९-२५ (जुलाई ४-१०) | | | | | | | |
| ३ असार २६-श्रावण १ (जुलाई ११-१७) | | | | | | | |
| ४ श्रावण २-८ (जुलाई १८-२४) | | | | | | | |
| ५ श्रावण ९-१५ (जुलाई २५-३१) | | | | | | | |
| ६ श्रावण १६-२२ (अगस्ट १-७) | | | | | | | |
| ७ श्रावण २३-२९(अगस्ट ८-१४) | | | | | | | |
| ८ श्रावण ३०-भाद्र ४(अगस्ट १५-२१) | | | | | | | |
| ९ भाद्र ५-११(अगस्ट २२-२८) | | | | | | | |
| १० भाद्र १२-१८ (अगस्ट २९-सेप्तेम्बर ४) | | | | | | | |
| ११ भाद्र १९-२५ (सेप्तेम्बर ५-११) | | | | | | | |
| १२ भाद्र २६-असौज १(सेप्तेम्बर १२-१८) | | | | | | | |
| १३ असौज २-८(सेप्तेम्बर १९-२५) | | | | | | | |